# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
### बागमती प्रदेश, नेपाल

मरिण गाउँपालिका
कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

प.सं.: २०८०/८१

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०७/१७)*

मरिण गाउँपालिकाको लागि प्राप्त आ.व. २०८०/८१ को शिक्षा तर्फको वार्षिक स्वीकृत सङ्घीय सशर्त कार्यक्रम अनुसार सामुदायिक विद्यालयहरुमा तपसिलका कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्ने भएकोले उक्त कार्यक्रम सञ्चालन गर्न इच्छुक विगत आ.व. मा सङ्घ/प्रदेश/गाउँपालिकाबाट यस किसिमको कार्यक्रम प्राप्त नगरेका यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुले २१ (एक्काईस) दिन भित्र उल्लिखित कागजात सहित प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | कार्यक्रम | परिमाण (कोटा) | बजेट (रु.) | प्रस्तावना पेश गर्न योग्य विद्यालय |
|---|---|---|---|---|
| १ | विद्यालयमा ICT व्यवस्थापन | १ | ६५०००० | माध्यमिक विद्यालयहरु (कोटा रिक्त भएमा अनुमतिको आधारमा जेष्ठता र उच्च विद्यार्थी सङ्ख्या रहेका कक्षा १-८ सञ्चालित विद्यालयहरु) |
| २ | विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | १ | ६५०००० | |
| ३ | नमूना विद्यालयमा सेवा अनुबन्धनका आधारमा नियुक्ति हुने प्र.अ. र शिक्षकका लागि विद्यालय मार्फत प्रोत्साहन अनुदान | १ | २००००० | तोकिएको नमूना विद्यालय |
| ४ | नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यन्वयन अनुदान | १ | ४५००००० | तोकिएको नमूना विद्यालय |
| ५ | शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान | २ | ५००००० | सवै सामुदायिक विद्यालयहरु |

**प्रस्तावका साथ पेश गर्नुपर्ने कागजातहरु:**

- विद्यालयहरुले विद्यालय सुधार योजना निर्माण/अद्यावधिक गरेको, गत आ.व. को सामाजिक परीक्षण सम्पन्न गरेको, विद्यालयको IEMIS अपलोड गरेको र भौतिक पूर्वाधार (कोठा तथा फर्निचर, विद्युत, शिक्षकको तत्परता आदि) भएको व्यहोरा खुलाई विद्यालय व्यवस्थापन समितिको निर्णय सहित प्रस्ताव पेश गर्नु पर्नेछ ।
- उल्लिखित कार्यक्रम सञ्चालनका सम्बन्धमा थप स्पष्टता आवश्यक परेमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको website: www.cehrd.gov.np मा उपलब्ध रहेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ हेर्न सकिनेछ ।

पुनश्चः *"शैक्षिक, व्यवस्थापकीय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान" कम्तीमा आधारभुत तर्फ १०० विद्यार्थी र माध्यमिक तर्फ २०० विद्यार्थी भएका विद्यालयहरू मध्ये सामाजिक परीक्षण मापदण्ड २०७८ ले तोकेको विधि प्रक्रया र पद्धति बमोजिम प्राप्त गरेको समष्टिगत अङ्क बमोजिम उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख रकम उपलब्ध हुने व्यवस्था छ ।*

२०८०/०८/१६

भीम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत